Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: ३०६ | वि.सं. २०८२ फागुन १४ बिहिवार | नेपाल संवत: ११४५, फाल्गुण शुक्लपक्ष दशमी | Thursday 26 February 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### प्रतिनिधिसमा निर्वाचन आउन एक साता बाँकी

# नतिजा आफ्नो पक्षमा पार्न रणनैतिक मुभमा राजनीतिक दल

**ओम शाही**
**सुर्खेत, १३ फागुन ।**

२०७२ मा संविधान जारी भएयता देशमा दुई पटक प्रतिनिधिसभा निर्वाचन सम्पन्न भएका छन् । २०७४ र २०७९ मा सम्पन्न निर्वाचनमा प्रमुख राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले र तत्कालिन नेकपा माओवादी केन्द्रले पालैपालो गठवन्धन बनाएर चुनावी मैदानमा उत्रिए । गठवन्धन प्रवृत्तिका कारण कर्णालीमा कहिले कांग्रेस त कहिले एमाले प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फ बढारिए ।

१२ निर्वाचन क्षेत्र रहेको कर्णालीमा गठवन्धनका कारण २०७४ मा नेपाली कांग्रेस र २०७९ मा नेकपा एमालेको पक्षमा नतिजा सून्य बन्यो । कर्णालीका १० जिल्लामध्ये सुर्खेत र दैलेखमा २/२ र बाँकी ८ जिल्लामा १/१ निर्वाचन क्षेत्र छन् । नेकपा एमाले र नेकपा माओवादी केन्द्रले बनाएको गठवन्धनले २०७४ मा १२ मध्ये ११ सिटमा जित निकालेको थियो । सो चुनावमा नेपाली कांग्रेसले कुनै पनि सिटमा जित हासिल गर्न सकेन ।

२०७९ को निर्वाचनमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबीच गठबन्धन हुँदा एमाले सून्य बन्ने अवस्थामा पुगेको थियो । २०७४ को चुनावमा कर्णालीमा कांग्रेसको जित शून्य हुँदा नेपाली कांग्रेसका पूर्वउपसभापति पूर्णबहादुर खड्काले समेत हार बेहोर्नुपरेको थियो । त्यस निर्वाचनमा एमालेका ६ र माओवादी केन्द्रका पाँच र एक स्वतन्त्र उम्मेदवार विजयी भएका थिए । तर माओवादीसँगको एकता भंग भएपछि २०७९ को निर्वाचनमा कर्णालीमा एमालेको जित शून्य बन्यो ।

उक्त चुनावमा माओवादी केन्द्र, एकीकृत समाजवादी गठबन्धनसँग तालमेल गरेर अघिल्लो चुनावमा पत्तासाफ भएको कांग्रेसले पुनरागमन गरेको थियो । गत प्रतिनिधिसभा निर्वाचनमा कर्णालीका १२ सिटमध्ये गठबन्धनले ११ सिट आफ्नो पोल्टामा पारेको थियो । जसमा माओवादीले पाँच, कांग्रेसले चार र एकीकृत समाजवादीका तीन उम्मेदवारले चुनाव जितेका थिए । जुम्लामा गठबन्धनका तर्फबाट माओवादी उम्मेदवार गोम कुँवर गौतम मात्र हारिन् । उनलाई राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार ज्ञानबहादुर शाहीले हराएका थिए ।



> नेकपा एमाले र नेकपा माओवादी केन्द्रले बनाएको गठवन्धनले २०७४ मा १२ मध्ये ११ सिटमा जित निकालेको थियो ।

### यस्ता छन् दलिय दावी

आसन्न २१ फागुनमा तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचन विशेष परि स्थितीका बीच हुँदैछ । यस पटकको निर्वाचन पपुलर राजनीनिक शक्ति र पुराना दलहरुबीच प्रतिस्पर्धा हुने देखिन्छ । २३-२४ भदौको जेनजी आन्दोलनले नियमित समयभन्दा झण्डै दुई वर्षअगावै प्रतिनिधिसभाको निर्वाचन हुँदैछ ।

यस पटकको निर्वाचन कर्णालीमा रोचक हुने देखिएको छ । किनभने यसपटक विगतमा जस्तो कुनै पनि दलले गठनबन्धन गरेका छैनन् । अर्थात् कर्णालीमा गठवन्धन गरेर चुनाव लड्ने दलहरुको वास्तविक जनमत मापन पनि आगामी चुनावले गर्दैछ । दलहरुले चुनावी नतिजा आफ्नो पक्षमा पार्न निकै मेहनत गरिरहेका छन् ।

कर्णालीमा १२ सिटका लागि एक सय ३४ उम्मेदवार मैदानमा छन् । आगामी निर्वाचनमा दलहरु एक्ला-एक्लै मैदानमा हुँदा कसले बाजी मार्छ यसै भन्ने सकिने अवस्था छैन् । तर गत निर्वाचनमा कर्णालीका १२ निर्वाचन मध्ये केही ठाउँमा मात्रै उम्मेदवार उठाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले यसपटक सबै निर्वाचन क्षेत्रमा उम्मेदवार बनाएको छ ।

बाँकी ३ पेजमा

# निर्वाचनका लागि भारतसँग जोडिएका सबै सीमा नाका बन्द हुने

**युग संवाददाता**
**कञ्चनपुर, १३ फागुन ।**

प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न गराउन भारतसँग जोडिएका कञ्चनपुरका सबै सीमा नाका बन्द गरिने भएका छन् । जिल्ला प्रशासन कार्यालय, कञ्चनपुरका सहायक प्रमुख जिल्ला अधिकारी मोहनचन्द्र जोशीका अनुसार यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै फागुन १८ गते सोमबार राति १२ बजेदेखि फागुन २१ गते बिहीवार राति १२ बजेसम्म भारतसँग सीमा जोडिएका जिल्लाका सम्पूर्ण सीमा नाका बन्द रहने भएका छन् ।

फागुन २० गते राति १२ बजेदेखि एम्बुलेन्स, ट्राफिक, दमकल, दूरसञ्चार, शववाहन, अस्पताल सेवा, विद्युत् सेवा जस्ता अत्यावश्यक सेवा तथा नम्बर प्लेटमा सिडी उल्लेख भएका कूटनीतिक नियोगका सवारीसाधन र अनुमति प्राप्त सवारीसाधनबाहेक अन्य सबै सवारीसाधन सञ्चालनमा मतदान कार्य नसकिएसम्मका लागि रोक लगाइएको सहायक प्रमुख जिल्ला अधिकारी जोशीले जानकारी दिए । निर्वाचनलाई शान्तिपूर्ण, मर्यादित र व्यवस्थित रूपमा सम्पन्न गराउन उक्त निर्णय गरिएको उनको भनाइ रहेको छ ।

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**

## डिभिजन वन कार्यालय दैलेख

**दैलेख बजार, दैलेख**

## अतिक्रमित वन क्षेत्र खालि गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१३ गते**

प्रस्तुत बिषयमा यस डिभिजन वन कार्यालयको तपशिल बमोजिमको कार्यक्षेत्र अन्तर्गतका बिभिन्न रास्ट्रिय वन क्षेत्रमा अबैध रुपमा निर्माण भएको घर,टहरा तथा वन फाड्ने वा वन क्षेत्रको जग्गा खनजोत गर्ने लगायतका रास्ट्रिय वन क्षेत्र अतिक्रमण गर्ने कार्य भएको देखिएकाले उक्त अबैध संरचनाहरु हटाई अतिक्रमित वन क्षेत्र यो सुचना प्रकाशन भएको मितिले ३५ (पैतिस) दिन भित्र खालि गर्न यो सुचना प्रकाशन गरिएको छ । अन्यथा उक्त रास्ट्रिय वन क्षेत्र अतिक्रमण गर्ने कार्य वन ऐन २०७६ को दफा ४९(ग) बमोजिमको कसुर ठहर हुने हुँदा उक्त कार्य उपर सोहि ऐनको दफा ५० (३) बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ तोकिएको क्षेत्रमा यदि कोहि कसैको नम्बरी आवादी जग्गा भए सोको जग्गा धनि प्रमाणपुर्जाको प्रतिलिपि सहितका प्रमाण उक्त समयावधि भित्र यस कार्यालयमा पेश गर्नुहुन जानकारी गराइन्छ । म्याद नाघी प्राप्त भएको प्रमाण उपर कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ । साथै अतिक्रमण हटाउन लाग्ने खर्च समेत सम्बन्धित ब्यक्तिबाटै असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ । थप जानकारीको लागि डिभिजन वन कार्यालय, दैलेखको फोन नं.०८९-४२०१३२ र ९८५८०५०१३२ मा सम्पर्क राखी जानकारी लिन सकिनेछ । साथै यस सम्बन्धि सूचना डिभिजन वन कार्यालयको फेसबुक पेज "डिभिजन वन कार्यालय,दैलेख" मा हेर्न सकिनेछ । साथै यस सम्बन्धमा स्थानीय निकायहरुको आवश्यक समन्वय तथा सहयोगका लागि समेत अनुरोध गरिन्छ ।

**तपशिल**

| सी.नं | सव.डी.व.का. | स्थानीय तह | नया अतिक्रमित क्षेत्र (हे.) | पुरानो अतिक्रमित क्षेत्र (हे.) | जम्मा अतिक्रमित वन क्षेत्र (हे.) |
|---|---|---|---|---|---|
| १ | लोहोरे | नारायण नं.पा. र भगवातिमाई गा.पा. | ६ | ७.८९ | १३.८९ |
| २ | डुंगेश्वर | डुंगेश्वर गा.पा. र गुँरास गा.पा. | ०.८ | १८.१२ | १८.९२ |
| ३ | दुल्लु | दुल्लु नं.पा. र भैरवी गा.पा. | २९.२ | ३०.३४ | ५९.५४ |
| ४ | महाबू | महाबू गा.पा. र नौमुले गा.पा. | ७.३ | ५४.८२ | ६२.१२ |
| ५ | रामाघाट | चामुण्डाबिन्द्रासैनी नं.पा. र ठाटीकाँध गा.पा. | २५.५ | २१४.६ | २४०.१० |
| ६ | कर्णाली | आठविस नं.पा. | १२.६ | १३.१२ | २५.७२ |
| जम्मा | | | ८१ | ३३८.८९ | ४२०.२९ |

### निर्वाचन ७ दिन बाँकी :

# प्रचारप्रसारमा अवरोध गरे यस्तो हुनेछ सजाय

**युग संवाददाता**
**काठमाडौँ, १३ फागुन ।**

फरक राजनीतिक दल वा उम्मेदवारलाई निर्वाचन प्रचारप्रसारमा कुनै अवरोध गरेको पाइए रु दुई लाख बराबरको जरिवाना हुने भएको छ ।

सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध पुऱ्याउने वा पुऱ्याउन लगाउने वा थुनछेक गर्ने वा गराउने कार्य गरेमा रु दुई लाख जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको निर्वाचन आयोगले जनाएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सहभागी राजनीतिक दल वा उम्मेदवारको चुनावी प्रचारप्रसारलाई आयोगले विभिन्न माध्यमबाट अनुगमन गरिरहेको उल्लेख छ । कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको कार्यलाई अन्य कुनै राजनीतिक दल वा उम्मेदवार वा दलका कार्यकर्ता वा आम नागरिकले विभिन्न तरिकाले अवरोध सिर्जना गरेको गुनासो र उजुरी प्राप्त भएको आयोगले जनाएको छ ।

त्यस्तै, साथै विभिन्न सञ्चारमाध्यमबाट समेत यस्ता विषयमा जानकारी भएकोमा आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण सम्बन्धमा निर्वाचन आचारसंहिता जारी भइसकेको छ ।

सो आचारसंहितामा कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने व्यवस्था छ ।

निर्वाचन (कसुर तथा सजाय) ऐनअनुसार, निर्वाचनको सिलसिलामा कुनै पनि व्यक्तिलाई निर्वाचनमा उम्मेदवारी दिन वा निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदानको अधिकार प्रयोग गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध गर्न नपाइने व्यवस्था छ ।

आसन्न निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष तथा भयमुक्त वातावरणमा सम्पन्न गराउने दायित्व राजनीतिक दल, उम्मेदवार, आम नागरिक तथा सरोकारवाला सबैको भएको आयोगको ठहर छ । निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुन बमोजिम निर्वाचनको प्रचारप्रसार गर्नबाट बञ्चित गर्ने उद्देश्यले वाधा अवरोध गरे वा गर्न लगाएको अवस्थामा त्यस्तो गर्ने वा गराउने जस्ता कार्य नगर्नका लागि सम्बन्धित सरोकारवाला सबैलाई आयोगले अनुरोध गरेको छ ।

## फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं ।

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ ।
- फरार कैदीवन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो ।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ ।

**फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं,**
**सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
MINI BUS
JEEP/CAR
EV VAN
SUMO JEEP

## सम्पादकीय....

# सरकारी जग्गा तत्काल खाली गर !

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१२, मा झण्डै एक करोड सरकारी अनुदान दुरुपयोग भएको अलपत्र सित भण्डारका संरचना हटाउन लगानीकर्ताहरुले आलटाल गरिरहेका छन् । सुर्खेतमा नाम चलेका चार व्यवसायीद्वारा निर्माण गर्ने भनिएको सित भण्डारमा कर्णाली प्रदेश सरकारले ९६ करोड रकम अनुदान दिएको थियो । तर व्यवसायीको बदनियतका कारण सरकारको लगानी बालुवामा पानी सरह बनेको छ । सरकारी अनुदान मिसिएको आयोजना व्यापारीहरुले निर्माण त गरेनन् नै, अहिले सरकारको स्वामित्वमा रहेको जग्गामा बनाइएका अपुरा संरचना हटाउन उनीहरु बेखबर बनेर बसेका छन् । आर्थिक वर्ष २०७४/७५ मा उच्च मूल्य कृषि विकास परियोजना (एचभीएपी) र कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतको कृषि विकास निर्देशनालय र कर्णाली कोल्ड चेन लजिष्टिक प्रालिबीच ९६ लाख अनुदानमा कोल्ड स्टोर (सित भण्डार) निर्माणका लागि सम्झौता भई काम अगाडि बढ्यो । ४० वर्षसम्मको मागलाई धान्न सक्ने गरी कर्णालीकै सबैभन्दा ठूलो कोल्ड स्टोर निर्माण गर्ने भन्दै नाम चलेका सुर्खेतका चार र काठमाडौंका एक व्यापारीले वीरेन्द्रनगर औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयसँग १५ माघ २०७४ मा जग्गा भाडा सम्झौता गरेर काम अगाडि बढाएका थिए ।

अनुदान सम्झौता अनुसार कोल्ड स्टोर निर्माणमा लाग्ने थप रकम लजिष्टिक प्रालिले आफैं व्यहोर्नुपर्ने उल्लेख थियो । तर सरकारी तवरबाट निजी क्षेत्रलाई करोडको हाराहारीमा भएको लगानी व्यापारीहरूले फजुल खर्च गरिदिएका थिए । सरकारी अनुदान लिन हतारिएका व्यापारीहरूले संरचना निर्माण गर्नु त परको कुरा, सरकारी जग्गाको भाडा हालसम्म पनि तिरेका छैनन् । कर्णाली कोल्ड चेन लजिष्टिक प्रालिका सञ्चालक सुर्खेतका नाम चलेका व्यवसायीहरूको संयुक्त लगानीमा खोलिएको कम्पनी हो । व्यवसायीहरू सुर्खेत उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष लक्ष्मण कँडेल, प्रकाश अधिकारी, कलाधर उपाध्याय (केदार) र प्रवल शाहीको साझेदारीमा कम्पनी दर्ता भएको थियो । सित भण्डार निर्माणका नाममा सरकारी अनुदान दोहन भएको विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुगेको थियो । आयोगले लामो समय लगाएर अनुसन्धान गऱ्यो । अनुसन्धानबाट सित भण्डार निर्माणमा भ्रष्टाचार भएको खुलेपछि अख्तियार विशेष अदालत काठमाडौं पुगेको थियो ।

तर विशेष अदालतले सरकारी रकम दुरुपयोग भएको खुल्ने यथेष्ट प्रमाण छर्लङ्ग हुँदाहुँदै आरोपीहरुलाई उन्मुक्ति दिएको थियो । यद्यपी, यो मुद्दा भने अझै सकिएको छैन । विशेष अदालतले एथेष्ट प्रमाण हुँदापनि आरोपीलाई उन्मुक्ति दिएको दावी गर्दै अख्तियारले यो मुद्दालाई सर्वोच्च अदालत पुऱ्याएको छ । सर्वोच्चमा हाल यो मुद्दा विचाराधिन छ । पवित्र उद्देश्य राखेर थालिएको आयोजनालाई सरकारले प्रोत्साहन गर्ने नीति लिनु निजी क्षेत्रलाई प्रवर्द्धन गर्न खोज्नु हो । औद्योगिक विकासमा राज्यले गर्ने भनेको नीतिगत सुधार र अनुदान कार्यक्रम हुन् । जसको मुख्य उद्देश्य नै निजी क्षेत्रसँग सहकार्य गर्नु हो । तर गलत नियत भएका एकाध व्यक्तिको कारण सरकारको लगानी जोखिममा पर्नु वा पारिनु भनेको भ्रष्टाचार नै हो । यस्ता कार्यमा संलग्नलाई हदैसम्मको कारवाही हुनुपर्ने हो । तर राज्यका न्याय निरुपण गर्ने निकाय शक्तिको अघि झुक्दा बदनियत भएकाहरु सरकारी स्रोतको दुरुपयोगमा तल्लिन देखिन्छन् । यो कानुनी राज्यको उपहास हो । यसर्थ, सित भण्डार बनाउन व्यापारीले ओगटेको औद्योगिक क्षेत्रको जग्गा तत्काल खाली गराउनु पर्दछ । सो जग्गामा अन्य नविनतम व्यवसायिक सोच भएका व्यक्तिलाई लगानी गर्न प्रोत्साहन गरिनु पर्दछ ।

## महिलाले व्यवस्थापन गर्दै छन् जुम्लाको यो मतदान केन्द्र

**युग संवाददाता**
**जुम्ला, १३ फागुन ।**

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा जुम्लाको चन्दननाथ मतदान केन्द्रमा सबै महिला कर्मचारी मात्र खटिने भएका छन् । जिल्ला सदरमुकाम खलङ्गा बजारस्थित चन्दननाथ माध्यमिक विद्यालयको मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगी सबै महिला कर्मचारीले निर्वाचन सम्पन्न गराउने भएका छन् ।

मुख्य निर्वाचन अधिकृत आनन्दराज पन्तले निर्वाचन आचारसंहिता २०८२ पूर्ण रूपमा पालन गर्दै शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन महिला कर्मचारी प्रतिबद्ध रहेका बताए । शान्तिपूर्ण, मर्यादित र व्यवस्थित निर्वाचनका लागि राजनीतिक दल र पत्रकारसहित सबै सरोकार भएकाको भूमिका महत्वपूर्ण हुने उनले उल्लेख गरे ।

प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले पनि आमसञ्चारमाध्यमको भूमिका निर्णायक हुने भएकाले सकारात्मक सन्देशसहित सामग्री सङ्कलन र सम्प्रेषण गर्न आग्रह गरे । जिल्लामा कूल मतदाता सङ्ख्या ७१ हजार ७३९ रहेका जनाउँदै उहाँले निर्वाचनका लागि ६५४ जना कर्मचारी खटिने बताए ।

प्रत्येक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, तीन सहायक कर्मचारी र एक जना कार्यालय सहयोगी रहनेछन् । जिल्लाभर ११० मतदान केन्द्र र ८५ मतदानस्थल कायम गरिएको निर्वाचन अधिकारी दीपेन्द्र कँडेलले जानकारी दिए ।

निर्वाचनलाई लक्षित गर्दै जिल्लाका आठवटा स्थानीय तहका ६० वटै वडामा मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेका छन् । मुख्य निर्वाचन अधिकृतका सहायक हरिकृष्ण तिमिल्सेनाका अनुसार प्रत्यक्षतर्फको ७७ हजार र समानुपातिकतर्फको ८० हजार मतपत्र जुम्लामा पुगेको छ ।

निर्वाचनको सुरक्षाका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र जिल्लाका ९७४ जना निर्वाचन प्रहरी खटिनेछन्, जसले मतदान केन्द्रहरूमा शान्तिसुरक्षा सुनिश्चित गर्नेछन् । यसबाहेक जिल्लामा ९२५ अस्थायी मतदाता नामावली सङ्कलन गरिएको छ भने दुईवटा अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ ।

निर्वाचन आउन आठ दिन बाँकी रहँदा निर्वाचन आचारसंहितालाई कडाइका साथ पालन गर्न आज जिल्ला निर्वाचन कार्यालय जुम्लाको आयोजनामा एक दिवसीय अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । यसैबीच, फागुन १५ गते मतदान अधिकृत तथा सहायक अधिकृतहरूको तालिम सुरु हुने निर्वाचन कार्यालयले जनाएको छ ।

## झुलाघाट नाका तीन दिन बन्द हुने



**युग संवाददाता**
**बैतडी, १३ फागुन ।**

आसन्न निर्वाचनलाई मध्यनजर गर्दै भारतसँग जोडिएको बैतडीको सीमानाका झुलाघाट तीन दिन बन्द हुने भएको छ । मतदान हुनुभन्दा ७२ घण्टा पहिलादेखि सीमानाका बन्द हुने प्रमुख जिल्ला अधिकारी कृष्ण थापाले जानकारी दिए ।

उनका अनुसार निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि भारतसँग सीमा जोडिएको झुलाघाट नाका फागुन १८ गते राति १२:०० बजेदेखि फागुन २१ गते राति १२:०० बजेसम्म बन्द गरिने भएको हो ।

जिल्लाको ३१ किलोमिटर सीमा क्षेत्र भारतसँग जोडिएकाले सीमा क्षेत्रमा उच्च सुरक्षा सतर्कता अपनाइएको र सीमा क्षेत्रमा रहेका सशस्त्र प्रहरी बलका (बिओपी)मार्फत सुरक्षा निगरानी बढाएको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

जिल्लाको तल्लोसोराड क्षेत्रमा महाकाली नदीका विभिन्न घाटहरुमा डुङ्गामार्फत वारपार गर्ने गरिएकाले चुनावका बेला ती सबै घाटहरुबाट आवतजावत बन्द गरिने प्रमुख जिल्ला अधिकारी थापाले बताए । गत चुनावका समयमा ७२ घण्टा सीमानाका बन्द गर्ने गरिन्थ्यो । अत्यावश्यक कामका लागि उक्त समयमा नाका खोल्नुपरेमा दुई देशको आपसी समन्वयमा खोल्न सकिने जनाएको छ ।

## बाँकेमा सात हजार ८९७ किशोरीलाई एचपिभी खोप लगाइयो

**युग संवाददाता**
**नेपालगञ्ज, १३ फागुन ।**

बाँकेमा सात हजार ८९७ जना किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोप लगाइएको छ । सतप्रतिसतलाई खोप लगाउने लक्ष्य राखिएकामा यस वर्ष ९२ प्रतिशतलाई लगाइएको हो । जिल्ला स्वास्थ्य कार्यालय, बाँकेका जनस्वास्थ्य अधिकृत गोकर्ण गिरीले आठ हजार ५८४ जनालाई खोप लगाउने लक्ष्य राखिएकामा पाठेघरको ९२ प्रतिशतलाई लगाइएको जानकारी दिए । "केही अपवादका रूपमा छुट्नुभएको होला तर हामीले एचपिभी खोप लगाउने कार्य सम्पन्न गरेका छौँ", उनले भने ।

जनस्वास्थ्य अधिकृत गिरीका अनुसार कोहलपुर नगरपालिकामा एक हजार ७००, खजुरा गाउँपालिकामा एक हजार, जानकी गाउँपालिकामा ६७०, नरैनापुर गाउँपालिकामा ७३१ जनालाई पाठेघरको क्यान्सरविरुद्धको एचपिभी खोप लगाइएको छ । बैजनाथ गाउँपालिकामा ८८१, राप्तीसोनारी गाउँपालिकामा ५८०, नेपालगञ्ज उपमहानगरपालिकामा एक हजार ९०९ र डडुवा गाउँपालिकामा ४२६ जनालाई खोप लगाइएको छ । सबैभन्दा कम डुडुवा गाउँपालिका ४२६ र सबैभन्दा बढी नेपालगञ्ज उपमहानगरपालिकामा एक हजार ९०९ जनालाई उक्त खोप लगाइएको उनले जानकारी दिए ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा विद्यालय जाने छ हजार ५३१ र विद्यालय नजाने दुई हजार ५३ गरी कूल आठ हजार ५८४ जनालाई एचपिभी खोप लगाइने लक्ष्य राखिएको थियो । कक्षा ६ मा अध्ययन गर्ने छात्रा, विद्यालय नजाने १० वर्षका किशोरी र गत वर्ष सञ्चालित एचपिभी खोपका लागि निर्धारण लक्षित समूहका किशोरी तथा छात्रामध्ये खोप लगाउन छुटेका, हाल कक्षा ७ देखि १० कक्षासम्म अध्ययनरत छात्रा र ११ देखि १४ वर्ष उमेरका किशोरीलाई खोपको लक्षित समूह मानिएको थियो ।

खोपले एचपिभी प्रजाति १६ र १८ को कारणबाट सङ्क्रमण हुने पाठेघरको मुखको क्यान्सर हुनबाट जोगाउने भएकाले यो सुरक्षित र प्रभावकारी रहेको जनस्वास्थ्य अधिकृत गिरीले बताए । उनका अनुसार नेपालमा औसतमा प्रत्येक दिन पाठेघरको मुखको क्यान्सरका कारण चार जना महिलाको मृत्यु हुने गरेको तथ्याङ्क छ । गत माघ २५ देखि यही फागुन ११ गतेसम्म एचपिभी खोप लगाइएको थियो । गत वर्ष बाँकेमा ३३ हजार ७५९ जनालाई खोप लगाइएको थियो ।

## यस्ता...

जसले गर्दा एमाले, कांग्रेस र नेकपाको विगतको समिकरणको हिसाव बिग्रने चर्चा छ ।

रास्वपाले आफ्नो चुनावी प्रचारलाई आक्रामक बनाउँदा पुराना दलहरुलाई आफ्ना मत जोगाउँन रक्षात्मक बन्नुपर्ने अवस्था आएको छ । त्यसैमा एमाले, कांग्रेस र नेकपा लगायतका दलमा लामो समय काम गरेका नेताहरुले दल परिर्वतन गरेर चुनावमा होमिदा त्यसको प्रभाव पनि पुरानै दललाई पर्ने देखिन्छ । तर नेपाली कांग्रेस र नेकपा एमाले भने १२ वटै निर्वाचन क्षेत्र जित्ने दाबी गर्छन् ।

नेपाली कांग्रेसका कर्णाली प्रदेश कार्यसमितिका प्रवक्ता दमनबहादुर शाहीले सबै निर्वाचन क्षेत्रमा कांग्रेसले जित निकाल्ने दावी गर्छन । कांग्रेसप्रतिको जनातको आकर्षण र जनआधार बलियो भएको उनको दावी छ ।

'नेपाली कांग्रेस पुरानो, विश्वासिलो र भरिलो पार्टी हो', प्रवक्ता शाही भन्छन्, 'कर्णालीका जनताले हामीलाई अन्यको तुलनामा बढी मत दिन्छन् । नेपाली कांग्रेस कर्णालीमा सबै भन्दा बढी सिट ल्याएर पहिलो दल बन्छ ।' कांग्रेस स्रोतका अनुसार कर्णालीमा कम्तीमा ६ र बढीमा १० सिट जित्न सकिने आकंलन कांग्रेसको छ । कांग्रेसले सुर्खेत-१, २, दैलेख-२, डोल्पा, मुगु र हुम्ला सहज रुपमा जित्न सकिने क्षेत्रमा राखेको छ भने जाजरकोट, सल्यान, दैलेख-१ र जुम्लालाई प्रतिस्पर्धीका रुपमा राखेको छ ।

एमाले अध्यक्ष शाहले कर्णालीमा एमालेको संगठन बलियो भएको र त्यसैमा दलहरु एक्ला-एक्लै चुनावमा होमिएकाले जित निकाल्न सहज रहेको दावी गर्छन । तर, एमाले स्रोतका अनुसार कममा चार र बढीमा आठ सिट मात्रै जित्न सक्ने आकलन गरिएको छ ।

जसमा सुर्खेत र दैलेखका दुबै निर्वाचन क्षेत्र र कालीकोट तथा सल्यान छन् । साथै जाजरकोट, जुम्ला, मुगु र हुम्ला प्रतिस्पर्धाका रुपमा हेरिएको छ । रुकुमपश्चिममा भने एमालेले प्रगतिशील लोकतान्त्रि पार्टीका उम्मेदवार जनार्दन शर्मालाई सघाएको छ ।

एमाले कर्णाली प्रदेश कमिटि प्रचार विभाग प्रमुख रमेशकुमार शाहीले कर्णाली एमालेको जनआधार बलियो भएकाले अधिकांश निर्वाचन क्षेत्रमा एमालेले जित निकाल्ने दाबी गरे । 'हाम्रो प्रतिस्पर्धा कांग्रेस र नेकपासँग हो', शाहीले भने '१० जिल्ला मध्ये १/२ बाहेक अन्यमा समानुपातिक मतमा हामी पहिलो नम्बरमा छौं ।'

त्यस्तै, नेपाली कम्युनिस्ट पार्टीका नेता तथा माओवादी केन्द्रका पूर्व कर्णाली प्रदेश इन्चार्ज कालिबहादुर मल्लले १२ वटै निर्वाचन क्षेत्रमा जित निकाल्ने दावी गरे । 'पूर्वमाओवादीका सहकर्मी नेताहरुले कुनै असर पर्दैन् । मतदाताको मनोविज्ञान हेर्ने हो भने सबैमा जित निस्कने अवस्था छ', मल्लले भने, 'अन्यमा संघर्ष गरिरहेका छौं ।'

नेकपा स्रोतका अनुसार रुकुमपश्चिम, सल्यान, जाजरकोट, डोल्पा, हुम्ला, जुम्ला, कालीकोट, दैलेख-१ र २ चुनाव जित्ने आकंलन नेकपाको छ । पछिल्लो समय कर्णालीमा राष्ट्रिय स्वतन्त्र पार्टीप्रति जनताको आकर्षण बढ्दै गएकाले नतिजा आफ्नै पक्षमा आउने दावी गर्छन रास्वपा कर्णाली प्रदेश सभापति मदन खड्का ।

'१२ वटै निर्वाचन क्षेत्रमा हाम्रो माहोल राम्रो छ । पछिल्लो समय युवामा आएको जागरणले रास्वापाप्रतिको आकर्षण निकै बढेकाले हामी उत्साहित छौं,' उनले भने । यद्यपी, आगामी निर्वाचनमा रास्वपाप्रति देखिएको लहर मतपेटिकासम्म पुऱ्याउन भने निकै चुनौती देखिन्छ । रास्वपा स्रोतका अनुसार कर्णालीबाट आठ निर्वाचन क्षेत्रमा चुनाव जितिने आन्तरिक आँकलन छ ।

रास्वपाले सुर्खेत र दैलेखका २ वटै निर्वाचन क्षेत्रलाई चुनाव जितिने क्षेत्रमा राखेको छ । हुम्ला र सल्यानलाई पनि रास्वपाले जित निकाल्न सकिने क्षेत्र मानेको छ । तर कर्णालीमा सांगठनिक हिसावले कमजोर रास्वपालाई यो नतिजा निकाल्न भने सहज छैन । त्यस्तै, यस पटक जुम्लामा राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता ज्ञानबहादुर शाही पुनः चुनावी मैदानमा छन् । २०७९ को निर्वाचनमा नेकपा माओवादी केन्द्र, कांग्रेस र एकीकृत समाजवादीबीचको गठबन्धनलाई हायलकायल बनाएर शाही सांसद बनेका थिए ।

यस पटक पनि चुनाव जित्नेमा ढुक्क रहेको शाही निकट स्रोत बताउँछ । यस्तै, रुकुमपश्चिमा प्रगतिशील लोकतान्त्रिबाट उम्मेदवार बनेका जनार्दन शर्माले विगतदेखिको जितलाई कायम राख्ने दाउमा छन् । शर्मालाई नेकपा एमालेले उनलाई सहयोग गरेको छ । यता कालीकोटमा यसपटक नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (माओवादी)बाट खड्कबहादुर विश्वकर्मा 'प्रकाण्ड' चुनावी मैदानमा छन् । विप्लव नेतृत्वको माओवादीको प्रभाव अन्य क्षेत्रमा खासै नभएपनि कालीकोटमा भने पूर्वसहकर्मी नेकपाका उम्मेदवार महेन्द्रबहादुर शाहीलाई टक्कर दिइरकेका छन् ।

## विश्व

### ट्रम्पको १०८ मिनेटको सम्बोधन :
# जितको दाबी, विवादको छाया

**वासिङ्टन, १३ फागुन ।**

राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार १०८ मिनेट लामो स्टेट अफ द युनियन सम्बोधनमार्फत अमेरिकाले विभिन्न क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरिरहेको दाबी गर्दै आफ्नो प्रशासनको आर्थिक र विदेश नीतिलाई सफल सावित गर्न प्रयास गरेका छन् । घट्दो अनुमोदन दर र आगामी मध्यावधि चुनावको सन्दर्भमा आएको यो भाषण उहाँको पहिलो कार्यकालकै सबैभन्दा लामो सम्बोधन बनेको छ ।

काङ्ग्रेसको संयुक्त सत्रअघि बोल्दै राष्ट्रपति ट्रम्पले अर्थतन्त्र अपेक्षाभन्दा बलियो रहेको र मतदाताले रिपब्लिकनलाई समर्थन गरे अझ प्रगति हुने बाताए । "हाम्रो देश फेरि जित्दैछ", उनले भने, "हामी यति धेरै जित्दैछौँ कि कहिलेकाहीँ के गर्ने भन्ने नै थाहा हुँदैन ।"

भाषणमा उहाँले सैन्य कारबाही, व्यापार नीति र आप्रवासन नियन्त्रणलाई उपलब्धिका रूपमा प्रस्तुत गर्नुभयो । आयात शुल्कसम्बन्धी सर्वोच्च अदालतको निर्णयप्रति असन्तुष्टि जनाउँदै उनले वैकल्पिक कानूनी प्रावधान प्रयोग गरेर अगाडि बढ्ने सङ्केत गर्नुभयो । "काङ्ग्रेसको कार्य आवश्यक नपर्न सक्छ", उनले भने । उनले उपभोक्ताले मूल्य चुकाउने आलोचनाबीच पनि शुल्क विदेशी देशले तिर्ने दाबी दोहोऱ्याए ।

सर्वोच्च अदालतका मुख्य न्यायाधीश जोन रोबर्ट्ससहित केही न्यायाधीश काङ्ग्रेसको संयुक्त सत्रमा भइरहेको स्टेट अफ द युनियन सम्बोधनका क्रममा प्रतिनिधिसभा कक्षमै उपस्थित थिए । भाषण चलिरहेकै बेला शुल्कसम्बन्धी निर्णयको प्रसङ्ग उठ्दा डेमोक्रेट सांसदहरूले स्वागत जनाए पनि अन्य विषयमा तीव्र विरोध देखियो । क्यालिफोर्नियाका मार्क टाकानो र मिशिगनकी रशिदा तलैबले खुला रूपमा आलोचना गर्नुभयो भने अल ग्रीनलाई सम्बोधन सुरु भएको केहीबेरमै विरोध प्रदर्शनपछि कक्षबाट बाहिर निकालियो ।

राष्ट्रपतिले आप्रवासनविरुद्ध कडा सन्देश दिँदै 'अवैध विदेशी होइन, अमेरिकी नागरिकको रक्षा' गर्नुपर्ने बताए । उनले मेल-इन मतपत्र सीमित गर्ने र मतदाता परिचय कडा पार्ने प्रस्तावसमेत अघि सारे । तर जीवनयापनको बढ्दो लागत र अर्थतन्त्रको सुस्त वृद्धि जस्ता विषयले अपेक्षाकृत कम समय पाए । उच्च मूल्य र स्वास्थ्य खर्चबारे डेमोक्रेटलाई दोष दिँदै उनले 'त्यो समस्या तपाईँहरूले सिर्जना गर्नुभयो' भने ।

भाषणका भावनात्मक क्षणहरूमा ओलम्पिक स्वर्ण विजेता अमेरिकी पुरुष हक्की टोलीलाई सम्मान गरिएको थियो । गोलकिपर कनर हेलेब्यूकलाई प्रेसिडेन्सियल मेडल अफ फ्रिडम दिने घोषणा र नेसनल गार्ड सदस्य एन्ड्र्यु वोल्फलाई पर्पल हार्ट प्रदान गरिँदा दुवै दलका सांसदहरूले उभिएर अभिवादन गरेका थिए । सन् २०२० मा रेडियो होस्ट रस लिम्बगलाई दिइएको सम्मानको स्मरण पनि गराइयो ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — मान-सम्मान पाइने समय छ । बोलीको भरमा चिताएको काम बन्नेछ । विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् ।

**वृष** — प्रतिष्ठित काम गर्दै नाम र दाम कमाउने बेला छ । नयाँ तथा रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् ।

**मिथुन** — समयमा होस नपुग्नाले आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ ।

**कर्कट** — मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । दैनिक काममा पनि फाइदा हुनेछ । थोरै लगानीबाट मनग्य नाफा उठाउन सकिनेछ ।

**सिंह** — प्रतीक्षा गरिएको काम छिटै सम्पादन हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । नाम, दाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व बढ्नेछ ।

**कन्या** — प्रयत्न गर्दा अवसर पाइनेछ । परोपकारी काममा सहभागी भइनेछ । मिहिनेत गर्दा राम्रै फाइदा हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**तुला** — अस्वस्थताले केही कमजोरीको अनुभूति हुनेछ । कामको अवसर प्राप्त भए पनि परिस्थितिले अलमल्याउन सक्छ ।

**वृश्चिक** — प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ । सोख पूरा हुनेछ भने विभिन्न भौतिक साधन प्राप्तिको योग छ ।

**धनु** — स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । शत्रु र रोगमाथि विजय प्राप्त हुनेछ ।

**मकर** — गरेका काम सजिलै सम्पादन हुनेछन् । अध्ययनमा राम्रो उपलब्धि हासिल गर्न सकिनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ ।

**कुम्भ** — हतारमा गरिएको निर्णयले समस्या निम्त्याउनेछ, सजग रहनुहोला । अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग पनि सावधान रहनुहोला ।

**मीन** — हिम्मतले काम बन्नेछ । लगनशीलताले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । छोटो समयमा उपलब्धि हातलागी हुनेछ ।

# शर्मा सांसद पदबाट निस्कासित

**युग संवाददाता**
**सुर्खेत, १३ फागुन ।**

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री तथा प्रदेशसभा सदस्य राजकुमार शर्मा सांसद पदबाट मुक्त बनेका छन् । नेपाली कम्युनिस्ट पार्टीले तत्कालीन नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका दलहरुसँग एकता गरेपछि जनार्दन शर्मा समुहमा लागेका शर्मालाई साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको जानकारी प्रदेशसभालाई गराएको थियो ।

सो दलले गरेको निर्णयका आधारमा कर्णाली प्रदेशसभा सचिवालयले बुधबार सूचना जारी गर्दै यसको औपचारिक जानकारी दिएको हो । सचिवालयका अनुसार शर्मालाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ३४ को उपदफा (१) बमोजिम पार्टीबाट निष्कासन गरिएको पत्र दर्ता भएको थियो ।

राजनीतिक दल सम्बन्धी ऐन अनुसार, जुन दलबाट निर्वाचित भएको हो सो दलले निष्कासन गरेको सूचना प्रदेशसभामा विधिवत् रूपमा जानकारी गराएपछि सम्बन्धित सांसदको पद रिक्त हुने कानुनी व्यवस्था छ ।

# पन्ध्र मतदान केन्द्रमा तीन सयभन्दा कम मतदाता

**युग संवाददाता**
**हुम्ला, १३ फागुन ।**

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हुम्लामा कायम गरिएका ६४ मतदान केन्द्रमध्ये १५ मतदान केन्द्रमा तीन सयभन्दा कम मतदाता छन् ।

जिल्ला निर्वाचन अधिकारी भीमबहादुर रोकायाका अनुसार ३४ हजार ३७२ मतदाता रहेका जिल्लामा ६४ मतदान केन्द्रमध्ये सबैभन्दा कम जिल्लाको तल्लो क्षेत्र ताँजाकोट गाउँपालिका-३ मा रहेको बानादेव आधारभूत विद्यालयमा जम्मा ५४ मतदाता छन् । जो गाउँपालिकाको केन्द्रबाट पैदल एक दिन लाग्छ, जहाँ सडक सञ्जालले छोएको छैन ।

सर्केगाड गाउँपालिकामा ३०० भन्दा कम मतदाता रहेका तीनवटा मतदान केन्द्र छन् । वडा नं १ को देबल आधारभूत विद्यालय तुम्चमा २४०, धुमचुली आधारभूत विद्यालय कल्लासमा २१६ र नीलकण्ठ प्रावि फुचामा २८८ जना मतदाता रहेका निर्वाचन अधिकारी रोकायाले बताए ।

---

## Gauriganga Municipality
## Office of Municipal Executive
Chaumala, Kailali

### Invitation for Electronic Bid

**Date of publication: 2026/02/26 (Falgun 14th 2082)**

1. The Office of Municipal Executive, Gauriganga Municipality, Chaumala, Kailali invites electronic bids from Nepalese eligible bidders for Various Works under National Competitive Bidding procedures.

| S. N | Contract ID | Name of Project | Estimated cost Without Vat, PS and Contingency | Bid Security | Bid Fee | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GGM/ WORKS/NCB/ 14/2082/083 | Chaumala Bazar Chowk Dekhi Purano Bazar ward no.2 Jodne Sadak Staronnti Tatha Nali Nirman Gauriganga-01, kailali | 30,69,727.21/- | 1,00,000/- | 3000/- NRS | 2nd Notice |

2. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12 HOURS on 2026/03/13, 29th Fagun 2082. Detail Notice is published in the website of The Municipality.

**Under Secretary**

---

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### आ.व. २०८३/०८४ मा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनका लागि निवेदन दिने सम्बन्धी सूचना

**मितिः- २०८२/११/१३ गते**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संसोधन) नियमावली, २०७५ को नियम ७ र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १४ बमोजिम आगामी आ.व.२०८३/०८४ मा संचालन हुने रोजगारमूलक कार्यक्रमहरुमा सहभागी हुनका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन इच्छुक १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरुले आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरू सहित मिति २०८२ चैत्र १० गते भित्र तोकिएको ढांचामा निबेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु**

१. निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ प्रति
२. निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति
३. बसाईसराई भएको भए सो को प्रमाण प्रत्रको प्रतिलिपी, १ प्रति
४. परिवारमा रहेका व्यक्तिहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण प्रत्रको प्रतिलिपी १/१ प्रति

**प्रमुख प्रशासकीय अधिकृत**

---

## कोहलपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

### कोहलपुर नगर क्षेत्रमा जडान भइ प्रयोग विहिन अवस्थामा रहेका केवल तारहरु हटाउने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

**मितिः- २०८२/११/१२ गते**

कोहलपुर नगर क्षेत्रमा जडान भई अव्यवस्थित रुपमा रहेका केवल तारहरुको कारण शहरी सौन्यदर्यकरणमा कुरुप देखिएको, आगलागी र सवारी दुर्घटना समेत भइरहेकोले सो को व्यवस्थापनको लागि यस कार्यालयमा मिति २०८२/११/११ गते बसेको सरोकारवाला पक्ष समेतको बैठकको निर्णय बमोजिम मिति २०८२/१२/०२ गते देखि अव्यवस्थित केवल तार व्यवस्थापन गर्ने कार्य सुरु गरिने भएको हुंदा कोहलपुर नगरपालिका क्षेत्रमा विभिन्न केवल टि.भि तथा दुर सञ्चार सेवा प्रदायक संस्थाहरुबाट जडान भई प्रयोग विहिन अवस्थामा रहेका केवल तारहरु हटाई खाली गर्नको लागि सम्बन्धित सबै सरोकारवाला संघ संस्था तथा निकायलाई जानकारीको लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सुचना जारी गरिएको छ।
साथै यो सुचना प्रकाशित भएको म्याद भित्र प्रयोग विहिन केवल तार नहटाएमा नगरपालिका आफैले हटाई खालि गर्ने र सो को लाग्ने खर्च समेत सम्बन्धित पक्षबाट भराइने व्यहोरा समेत सुचित गरिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

### कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/११/१४ गते)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुर्खेतबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ फागुन २९ गते शुक्रबार**का दिन शाखा कार्यालय सुर्खेतमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| १. **जानकी कुमारी कंडेल रावत**<br>ना.प्र.नं.- ६३१०३१/२०१,<br>जारी मिति - २०६८/०२/०८, जि.प्र.का. दैलेख<br>बाबु - कमला पति कंडेल<br>बाजे - नरहरी कंडेल<br>टेक - बहादुर रावत<br>स्थायी ठेगाना- दैलेख जिल्ला, कासीकाँध गा.वि.स., वडा नं. ९<br>हालको ठेगाना- सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ३ | १. **जानकी कुमारी कंडेल रावत**को नाममा मालपोत कार्यालय, सुर्खेतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स./न.पा. वडा नं. ७ ख स्थित कित्ता नं. २९१८ को क्षे.फ. १०२ (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु । |

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **टेक बहादुर रावत**
ना.प्र.नं.- ६३१०३१/६१,
जारी मिति - २०६५/०१/१०, जि.प्र.का. दैलेख
बाबु - रत्न बहादुर रावत
बाजे - मत बहादुर रावत
स्थायी ठेगाना- दैलेख जिल्ला, कासीकाँध गा.वि.स., वडा नं. ९
हालको ठेगाना- सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा., वडा नं. ३

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ फागुन २८ गते** भित्र बैंकको शाखा कार्यालय सुर्खेतमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सुर्खेतबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ फागुन २९ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय सुर्खेतमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सुर्खेतमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ फागुन २९ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय सुर्खेत फोन नं. ०८३-५२१२५६**

---

## Godawari Municipality
## Office of the Municipal Executive
Attariya, Kailali

### Invitation for Sealed Quotation

**Date of First Publication: 2082-11-14(26 Feb, 2026)**

1.Godawari Municipality, Kailali, invites electronic bids from eligible bidders for the following Good:

| S. N | Contract Identification Number | Description of Works | Bid Security Validity Period | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last date of Bid Purchase and submission | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | GM/ SQ/2082/83/01 | Supply , Delivery and installation of CCTV, Internet in municipal building. | 75 days | 40000 | 1000 | Bid purchase and submission<br>12:00pm, (2082/11/29)<br>Bid opening:2:00pm(2082/11/29) | |

2. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Godawari Municipality, Kailali.
3. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.

**Chief executive officer**

---

## चिङ्गाड गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८२/११/१४)**

यस कार्यालयबाट आव्हान गरिएको तपसिल बमोजिमको सूचना अनुसार प्राप्त वोलपत्रहरुमध्ये निम्नानुसार वोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ उक्त वोलपत्रसँग सम्बन्धित सबै वोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| S. N | Contract Identification No | Name of contract | Name of lowest evaluated substantially responsive bidder | Bid Price of Lowest evaluated substantially responsive bid (Excluding vat and PS) |
|---|---|---|---|---|
| 1 | CRM/NCB/ WORKS/ 10/2082/083 | Chingad Khelmaindan Nirman, Chingad-3, Surkhet | K.B.-Amrit-Kal Bhairab JV.. Birendranagar-11. Surkhet. | NRs. 3,38,43,311.30 |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

# कांग्रेस सभापति थापा सुर्खेतमा

**◣युग संवाददाता**
**सुर्खेत, १३ फागुन ।**
आसन्न २१ फागुनमा सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको चुनावीसभालाई सम्बोधन गर्न नेपाली कांग्रेसका सभापति गगन थापा सुर्खेत आउने भएका छन् । बिहिबार (भोली) कांग्रेसले आयोजना गरेको चुनावी आमसभालाई सम्बोधन गर्न थापा सुर्खेत आउन लागेका हुन ।

विशेष महाधिवेशनबाट सभापति बनेका थापाले आफ्नो निर्वाचन क्षेत्र सर्लाही-४ पछि पहिलो पटक हुन लागेको चुनावीसभालाई सम्बोधन गर्नेछन् । पपुलिष्ट राजनीतिक लहरले निर्वाचन क्षेत्र परिवर्तन गरेर सर्लाही झरेका थापा पछिल्लो समय निर्वाचन क्षेत्र केन्द्रित बनिरहेका छन् ।

सर्लाहीपछि सुर्खेतमा कांग्रेसले आयोजना गर्न लागेको यो ठुलो चुनावीसभा हो । पराजित हुने डरले दलका शिर्ष नेताहरु निर्वाचन क्षेत्र केन्द्रित बनिरहेका छन् । सुर्खेत निवर्तमान कार्यबहाक सभापति पूर्णबहादुर खड्काको गृह जिल्ला हो । थापाको विद्रोहले विशेष महाधिवेशन सफल भएपछि खड्का अहिले वैधानिकताको कानुनी लडाईँमा छन् । विशेष महाधिवेशनको किचलोपछि ब्याक भएका खड्का अहिले मौन छन् ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री चन्द्र देवी चपाई धनी रहेको, दर्ता नम्बर ५८५४/०७६/०७७ बाट लेकवेशी न.पा-०४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री चन्द्रा कृषि तथा पशुपंक्षी फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## Godawari Municipality
## Office of the Municipal Executive

Attariya, Kailali

### Invitation for Electronic Bid

**Date of First Publication: 2082-11-14(26th Feb, 2026)**

1. Godawari Municipality, Kailali, invites electronic bids from eligible bidders for the following works:

| S.N | Contract Identification Number | Description of Works | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Minimum Work experience of similar size and nature: Construction of at least 1(one) Water Supply Project with Value of within 10 years with value | Bid Security Amount (NRs.) (Bid security validity period:120 days) | Fee for Bid Document (NRs.) | Last date of Bid submission and opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | GM/NCB/W/ 2082/083/17 | Brihat Khan-apane Yojana wada no 9 shehari | NRs. 25.52 Million | NRs. 10.21 Million | NRS 765000 | NRS.5000 | Last Date of Bid Submission 2082/12/15 At 12 PM Last date of Bid opening: 2082/12/15 At 2 PM | |


| | | Bid Document Fee Account details | Account Details For Bid Security | |
|---|---|---|---|---|
| 2 | Name of the Bank | NIC ASIA BANK, Attariya, Kailali | NIC ASIA BANK, Attariya, Kailali | |
| | Name of Office | Godawari Municipality Attariya Kailali | Godawari Municipality Attariya Kailali | |
| | Account Detail | 0712051498622011 | 7141498622524001 | |

2. Please refer to the complete set of bidding documents through e-procurement section of PPMO's Website www.bolpatra.gov.np/egp. For further information about invitation of bids, purchase of bidding document, submission & opening of bids, etc. contact to Godawari Municipality, Kailali.

3. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulation of Nepal.

**Chief Executive Officer**







**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।